# मरिण राजपत्र

मरिण गाउँ कार्यपालिकाद्वारा प्रकाशित

खण्ड ५ मरिण, भाद्र १३ गते, २०७९ साल संख्या ६


## भाग २

## मरिण गाउँपालिकाको छात्राहरुलाई साईकल बितरण सम्बन्धी मापदण्ड, २०७९

<u>प्रस्तावनाः</u>

मध्यमिक तह शिक्षा परीक्षा उतीर्ण छात्राहरुलाई उच्च शिक्षा अध्यनमा पहुँच सुनिश्चित गर्न गुणस्तरीय शिक्षा प्रदान गर्ने नीति अनुरुप कक्षा ११ मा भर्ना भएका छात्राहरुलाई बिद्यालय आवत जावतमा सहजताका लागी साईकल बितरण सम्बन्धी मापदण्ड, २०७९ तयार गरीएको हो ।मरिण गाउँपालिकाको दोश्रो गाउँ सभाको प्रथम वैठकबाट पारित शिक्षा सम्बन्धी नीति कार्यन्वयन गर्ने अभिप्रायले यो मापदण्ड जारी गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस मापदण्डको नाम छात्राहरुलाई नि:शुल्क साइकल बितरण सम्बन्धी मापदण्ड, २०७९ रहेको छ ।

(१) यो मापदण्ड कार्यपालिकाबाट निर्णय भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस मापदण्डमाः

**(क) "गाउँपालिका"** भन्नाले मरिण गाउँपालिकालाई सम्झनुपर्दछ ।

**(ख) "मापदण्ड"** भन्नाले कक्षा ११ मा अध्यनरत छात्राहरुलाई बिद्यालय आवत जावतमा सहजताका लागी साइकल वितरण सम्बन्धी मापदण्ड, २०७९ सम्झनु पर्छ ।

**(ग) "प्रमुख"** भन्नाले मरिण गाउँपालिकाको प्रमुख सम्झनुपर्दछ ।

**(घ) "कार्यालय"** भन्नाले मरिण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्दछ।

**(ङ) "विद्यालय"** भन्नाले मरिण गाउँपालिका अन्तर्गत माध्यमिक तह (कक्षा ११र १२) संचालन भएको विद्यालयहरु सम्झनु पर्दछ ।

## परिच्छेद २

## <u>साइकल वितरणका आधारहरु</u>

**३.** देहाय बमोजिमका आधारमा छत्राहरुलाई यस कार्यक्रममा समाबेश गराईने छः

(क) मरिण गाउँपालिकाको स्थायी बसोबास हुनु पर्ने,

(ख) मरिण गाउँपालिकाको सामुदायिक विद्यालयहरुबाट कक्षा १० उत्तीर्ण गरि यसै गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ११ मा भर्ना भएका छात्राहरु हुनुपर्ने,

(ग) मरिण गाउँपालिका अन्तर्गत संचालन माध्यमिक विद्यालयहरु मध्येको कक्षा ११ (एघार) मा भर्ना भएको हुनुपर्ने,

(ग) सम्बन्धित वडा कार्यलयबाट स्थायी बासिन्दा हो भनि सिफारिस भएको हुनुपर्ने।

## परिच्छेद ३

## साईकल बितरण प्रकृया

४. परिच्छेद २ बमोजिम आधार पूरा गरेका छात्राहरुले गाउँपालिकाले सूचना गरेको अवधि भित्र विद्यालयमा भर्ना भएको प्रमाण सहित निबेदन गरेमा प्राप्त निबेदनको आधारमा संख्या एकीन गरेर प्रचलित सार्बजनिक खरिद ऐन, नियमावली एवं प्रचलित कानून बमोजिम साइकल खरिद प्रकृया सुरु गरिनेछ । साइकल छात्राहरुलाई जनही एक थान नि:शुल्क प्रदान गरिनेछ ।

## परिच्छेद ४

## अनुगमन मूल्याङ्कन

५. साइकल प्राप्त छात्राहरुको सिकाई अवस्था बारे गाउँपालिका, वडा कार्यालय र विद्यालयबाट बेला बेलामा अनुगमन गरिने छ । अनुगमन प्रतिबेदनवाट साइकल प्राप्त छात्राले कक्षा ११/१२ को शिक्षण पूरा नगरी घरैमा बसेर साइकलको प्रयोग गरेको, अरुलाई प्रयोग गर्न दिएको एवं अरुलाई साइकल वेचविखन गरेको पाइएमा सम्बन्धित अभिभावकबाट खरिद मूल्य बमोजिमको रकम असुल उपर गरिने छ ।

## परिच्छेद ५

## विविध

६. बाधा अडकाउ फुकाउन सक्नेः यो मापदण्ड कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन आएमा कार्यपालिकाले त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ ।

७. कार्यविधि संशोधन तथा खारेज गर्न सक्नेः कार्यपालिकाले आवश्यकता अनुसार यो मापदण्ड संशोधन तथा खारेज गर्न सक्नेछ ।

आज्ञाले<br>
ओम बहादुर दर्जी<br>
प्रमुख प्रशासकीय अधिकृत